## पैह्रोले यातायात ठप्प

हिमालय दर्पण २६/०८/१८

# ६ परिवार प्रभावित, यात्री सकसमा



**गान्तोक, २५ अगस्त(निसं):** गेजिङ-देन्तामको मूल सडक सोम डाँडामा पैह्रौ जाँदा यातायात ठप्प भएको छ। शुक्रवार बिहान पश्चिम सिक्किममा अत्यधिक पानी परेपछि पैह्रौ गएको बताइएको छ। यस ठाउँमा चार-पाँच वर्ष अघिदेखि पैह्रौ जान थालेको हो। पैह्रौले सड़क पूर्णरूपमा बन्द भएपछि यातायात ठप्प भएको छ। यस पैह्रोले ६ परिवारलाई प्रभावित तुल्याएको स्थानीयहरूको भनाइ रहेको छ।

प्रभावित बन्नेहरूमा पदमलाल राई, प्रेम कुमार छेत्री, खड्गबहादुर छेत्री, पूर्णबहादुर राई र उमा शंकर छेत्री रहेका छन्। सोही प्रकारले अप्पर लुङ्जिङमा पनि पैह्रोले अरुणकुमार छेत्रीको घरलाई क्षति पुऱ्याएको छ। विशेष गरेर अरूण कुमार छेत्रीको घरअघि रहेको ठूलो ढुङ्गा नहटाएको कारण समस्या उत्पन्न भइरहेको गुनासो पनि आएको छ। यसबारे विभागले चासो नलिएको उनले बताएका छन्। गेजिङ-देन्ताम मूल सडकको विकल्प नभएको कारण यात्रीहरूले समस्या भोग्दै आइरहेका छन्। अन्य जिल्लादेखि गेजिङलाई जोड्ने यो मूल सडकको रूपमा चिन्हित गरिएको छ। कलुक रिन्चेनपोङदेखि सोरेङ बडियाखोप, उत्तरेदेखि झाँक्री ढुङ्गासम्मका मानिसहरू यो बाटो भएर आवात-जावत गर्दछन्। यस स्थानमा वैकल्पिक सड़क निर्माण गर्न नसकिने भएकोले पाँचवटा समष्टिलाई प्रभावित तुल्याएको छ। वैकल्पिक सडक निर्माणको निम्ति वर्ष २०१६ मा प्रधानमन्त्री ग्राम सडक योजनाअन्तर्गत शुरू गरिनुपर्ने थियो तर अहिलेसम्म शुरू नभएको स्थानीयहरूको भनाइ रहेको छ।